२०८१ बैशाख ३०  कार्यपालिका बैठक कक्ष  बैठक संख्या: १३  २०८०/ ८१

आज मिति २०८१ बैशाख ३० गते आइतबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्व) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिल:*

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थिति:*

| | |
|---|---|
| *श्री अरुण कुमार ओली* | *प्रशासन शाखा प्रमुख* |
| श्री सुरेन्द्र प्रसाद यादव | अधिकृत सातौं |
| श्री कर्ण बहादुर के.सि | इन्जिनियर |
| श्री ठकेन्द्र खत्री | लेखापाल |
| श्री शोभा रमाल | का.स |
| श्री दिनेश ओली | शिक्षा शाखा प्रमुख |
| श्री करण खड्का | इन्जिनियर |

Scanned with CamScanner

२०८१ बैशाख ३० कार्यपालिका बैठक कक्ष बैठक संख्याः १३ २०८०/८१

प्रस्तावहरुः

१. गत कार्यपालिकाका निर्णय कार्यान्वयनको समिक्षा ।

२. कार्यालयको सुशासन तथा सेवा प्रवाहको समिक्षा ।

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग को सुझाव कार्यान्वयन ।

४. विधेयक समितिले पेश गरेका विधेयक सम्बन्धमा ।

५. चालु आ.व. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

६. रुकुमकोट खानेपानी आयोजना सिस्ने गाउँपालिका वडा नं ५ र ६ को बजेट माग ।

७. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सम्बन्धमा ।

निर्णयहरुः

१. गत कार्यालिकाको बैठकबाट पारित भएका निर्णयहरु सबै कार्यान्वयन भएको ।

२. स्थानीय स्व मूल्याङ्कन तथा वित्तिय जोखिम मूल्याङ्कनको लागि शाखाले गर्नुपर्ने कामको प्रगति विवरण माग गर्ने ।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाडौ को च.नं. ५६५ मिति २०८१ बैशाख २० को पत्र मार्फत प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग को च.नं. ५६८१२ मिति २०८० बैशाख ३ गतेको पत्रबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने ।

४. विधेयक समितिले पेश गरेका तपसिल बमोजिमका नियमावली कार्यविधि तथा दिग्दर्शन पारित गरियो ।

तपसिलः

| क्र स | नाम | परिच्छेद तथा खण्ड | दफा वा नियम | अनुसूचि |
|---|---|---|---|---|
| १ | सिस्ने गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०८१ | १५ | १६२ | १३ |
| २ | सिस्ने गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमाली,२०८१ | १४ | ११४ | १२ |
| ३ | सिस्ने गाउँपालिकाको वार्षिक योजना कार्यक्रम तथा बजेट तर्जमा दिग्दर्शन,२०८१ | ९ | ९ | १२ |
| ४ | सिस्ने गाउँपालिकाको बेरुजु फर्स्यौट निर्देशिका,२०८१ | ४ | ४ | १९ |
| ५ | सिस्ने गाउँपालिकाको राजस्व सुधार योजना निर्माण प्रारुप,२०८१ | ७ | | ४ |

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६ | सिस्ने गाउँपालिकाको विपन्न वर्गको लागि आर्थिक सहायता कार्यविधि,२०८१ | ४ | १८ | १ |
| ७ | सिस्ने गाउँपालिकाको पर्यटन विकास समिति (गठन तथा परिचालन) कार्यविधि,२०८१ | परिमार्जन सहित पारित गर्ने | | |
| ८ | सिस्ने गाउँपालिकाको कमलदह संरक्षण तथा व्यवस्थापन कार्यविधि,२०७७ संशोधन | परिमार्जन सहित पारित गर्ने | | |
| ९ | सिस्ने गाउँपालिकाको नगर प्रहरी सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ | ६ | १९ | २ |

५. चालु आ.व. २०८०/८१ मा अनुमानित आय भन्दा करिव ५ करोड रकम कम आय हुने अनुमान भएकोले शाखा र वडाबाट विवरण माग गरी आवश्यक निर्णयको लागि अर्को बैठकमा पेश गर्ने ।

६. रुकुमकोट खानेपानी आयोजना सिस्ने गाउँपालिका वडा नं. ५ र ६ को लागि आवश्यक बजेट रु एक करोड लुम्बिनी प्रदेश सरकारसँग माग गर्ने ।

७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौंको मिति २०८१/०१/१७ गते **"स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)"** सञ्चालनका लागि स्थानीय तहले आशय पत्र पेश गर्ने सम्बन्धी सूचना आह्वान भए बमोजिम यस सिस्ने गाउँपालिकाबाट आगामी आ.व. २०८१/८२ का लागि आशयपत्र (Expression of Interest) पेश गर्ने र सो आशयपत्र संग सम्बन्धित तपसिल बमोजिमका विषय क्षेत्रमा कार्यपालिकाको तर्फबाट ईच्छा तथा प्रतिबद्धता गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

१ स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा मष्तिष्क मन्थनमा आधारित निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धि योजना तथा समावेशी बजेटको निर्माण गर्न, नविनतम र सुधारिएका तरिका, साधान र विधि अवलम्वन गर्न, प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्न साथै समग्र खर्चको लेखाजोखा SuTRA र लेखा परिक्षण मार्फत गर्न प्रतिबद्ध,

२ स्थानीय पूर्वाधार कार्यक्रमसंगको सह लगानीको हिस्सा विनियोजन गर्दा ग्रामिण सडक सुधार/पुर्नस्थापना सम्बन्धी आयोजनामा कम्तिमा २०% देखि ४०%, साना सिचाई, खानेपानी तथा सरसफाई, भवन मर्मतमा कम्तिमा ४०% र विपद् जोखिम न्यूनिकरण, जलवायु उत्थानशिल र वैकल्पिक उर्जा सम्बन्धि आयोजनामा कम्तिमा २०% सह लगानी गर्न ईच्छुक तथा प्रतिबद्ध,

नेत्र बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

Scanned with CamScanner

३ स्थानीय तह पूर्वाधार सेवा प्रवाह एवम मर्मत सम्भार सम्वन्धि कार्यविधि तथा निर्देशिका तयार तथा अनुमोदन गर्न ईच्छुक तथा प्रतिबद्ध,

४ तयार भएको खानेपानी सरसफाई तथा स्वच्छता योजना (WASH PLAN) परिमार्जन तथा कार्यान्वयन,

५ तयार भएको गाउँ यातायात गुरु योजना (MTMP) को पूर्ण कार्न्वयनमा लैजाने,

६ स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्न ईच्छुक तथा प्रतिबद्ध रहेको।

निर्णय प्रमाणित

२०८१/१/३०

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रोकाया
गा.पा. अध्यक्ष

Scanned with CamScanner